कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ५०८३
दर्ता मिति: २०८२।१।२५

# न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका, २०८२

कृषि उपजको उत्पादन थलो मूल्य (Farm Gate Price) मा हुने उतारचढावमा स्थिरता, मूल्य जोखिम न्यूनिकरण एवं किसानहरुलाई न्यूनतम नाफा सूनिश्चितता मार्फत किसानहरुलाई कृषि पेशामा आकर्षित गर्न उत्पादनको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण गर्न वान्छनीय भएकोले, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा ४७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयवाट यो निर्देशिका जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यस निर्देशिकाको नाम "न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका, २०८२" रहेको छ।

(ख) यो निर्देशिका नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "प्रमुख खाद्यान्न बाली" भन्नाले नेपाल सरकारले न्यूनतम समर्थन मूल्य निर्धारण प्रयोजनका लागि तोकेको बालीवस्तुहरु धान (बर्षे/चैते), मकै (बर्षे), गहुँ र कोदो बालीलाई सम्झनु पर्छ।

(ख) "प्रमुख औद्योगिक बाली " भन्नाले उखुबाली सम्झनु पर्छ ।

(ग) "किसान" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन,२०७५ को दफा २ (ख) बमोजिमको नागरिक सम्झनु पर्छ ।

(घ) "न्यूनतम समर्थन मूल्य" भन्नाले बाली उत्पादन लागत, ढुवानी खर्च र न्यूनतम मूनाफा सहित नेपाल सरकारले निर्धारण गर्ने मूल्यलाई सम्झनु पर्छ।

(ङ) "न्यूनतम खरिद मूल्य" भन्नाले किसान र चिनी उद्योगी बिच खरिदबिक्रीका लागि उत्पादन लागत, ढुवानी खर्च र न्यूनतम मूनाफा सहित नेपाल सरकारले निर्धारण गर्ने उखुबालीको मूल्यलाई सम्झनु पर्छ।

(च) "न्यूनतम समर्थन मूल्य सिफारिस समिति" भन्नाले दफा ५ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ।

(छ) "न्यूनतम खरिद मूल्य सिफारिस समिति" भन्नाले दफा ५ को उपदफा (२) बमोजिमको समिति सम्झनु पर्छ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गीता चौधरी
... तथा पशुपन्छी विकास

(ज) "प्राविधिक समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ञ) "प्रादेशिक कृषि मन्त्रालय" भन्नाले प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ट) "खरिदकर्ता" भन्नाले कृषि उपज खरिद गर्ने व्यक्ति एवं नीजि संस्था, सहकारी संस्था वा सार्वजनिक निकायलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणको उद्देश्य

३. उद्देश्य:- न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणको मुख्य उद्देश्य कृषि उत्पादनको उत्पादन थलो मूल्य (Farm Gate Price) मा हुने उतारचढावलाई स्थिरता प्रदान गरी उत्पादनकर्ताको न्यूनतम मुनाफा सुनिश्चिततामा सहयोग पुऱ्याउनु रहेको छ । यस निर्देशिकाको अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन:

(क) किसानले उत्पादन गरेको बालीवस्तुको उचित मूल्य तथा बजारको सुनिश्चितता कायम गर्न सहयोग पुऱ्याउने,

(ख) किसानलाई कृषि पेशा प्रति आकर्षित गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग पुऱ्याउने,

(ग) बजार मूल्यको स्थिरीकरणमा सहयोग पुऱ्याई उपभोक्ताहरुको उचित मूल्यमा कृषि उपज प्राप्त गर्ने अधिकारको सुनिश्चितता गर्ने,

४. न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण प्रकृया:- यस निर्देशिकाको अनुसूचि ३ मा उल्लेख भए अनुसारको प्रकृयावाट मूल्य निर्धारण हुनेछ। यस निर्देशिकाको दफा ७ बमोजिमको प्राविधिक समितिले उत्पादन लागत अनुमानको लागि अनुसूची २ अनुसारको प्रदेशहरुवाट जिल्ला तथा कृषक घरधुरी छनौट साथै फिल्ड सर्भे गरी तथ्याङ्क संकलन र तथ्याङ्क प्रशोधन गरी उत्पादन लागत अनुमानको तथ्याङ्क निकाल्नेछ। तत्पश्चात उत्पादन लागतमा न्यूनतम मुनाफा र फर्म देखि स्थानीय बजार सम्म लाग्ने ढुवानी बापतको खर्च समेत समावेश गरी कृषि विभागलाई सिफारिस गर्नेछ। कृषि विभागले प्राविधिक समितिवाट तयार भएको प्राविधिक प्रतिवेदन सहित न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सिफारिस गर्नेछ। दफा ५ को उपदफा (१) र (२) बमोजिमको सिफारिस समितिले न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सिफारिस गर्नेछ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नेछ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम मूल्य निर्धारण हुनेछ।

मा. गिता चौधरी
कृषि तथा पशुपन्छी विकास मन्त्री



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

परिच्छेद-३

न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण तथा कार्यान्वयन सम्बन्धी संस्थागत व्यवस्था

५. न्यूनतम समर्थन मूल्य सिफारिस समितिको गठनः-

(१) प्रमूख वालीको न्यूनतम समर्थन मूल्य निर्धारण गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः

(क) सहसचिव, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, -संयोजक
(ख) उप-महानिर्देशक, योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा, कृषि विभाग, -सदस्य
(ग) प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, -सदस्य
(घ) उपसचिव, अर्थ मन्त्रालय, -सदस्य
(ङ) उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, -सदस्य
(च) वरिष्ठ कृषि अर्थ विज्ञ, बजेट तथा कार्यक्रम शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, -सदस्य
(छ) वैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषद्, -सदस्य
(ज) प्रमुख/प्रतिनिधी, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि., -सदस्य
(झ) प्रतिनिधी, नेपाल उद्योग वाणिज्य महासंघ, -सदस्य
(ञ) अध्यक्ष, राष्ट्रिय कृषक समूह महासंघ, -सदस्य
(ट) वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि व्यवसाय तथा बजार प्रवर्द्धन शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, -सदस्य सचिव

(२) उखु बालीको न्यूनतम खरिद मूल्य निर्धारण गर्न देहाय बमोजिमको न्यूनतम खरिद मूल्य सिफारिस समिति रहनेछः

(क) सहसचिव, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, -संयोजक
(ख) उप-महानिर्देशक, योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा, कृषि विभाग, -सदस्य
(ग) प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, -सदस्य
(घ) उपसचिव, अर्थ मन्त्रालय, -सदस्य
(ङ) उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, -सदस्य
(च) वरिष्ठ कृषि अर्थ विज्ञ, बजेट तथा कार्यक्रम शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, -सदस्य
(छ) वैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषद्, -सदस्य
(ज) प्रमुख/प्रतिनिधी, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि., -सदस्य
(झ) प्रतिनिधी, नेपाल उद्योग वाणिज्य महासंघ, -सदस्य
(ञ) अध्यक्ष, उखु उत्पादक महासंघ, -सदस्य
(ट) अध्यक्ष, नेपाल चिनी उत्पादक संघ, -सदस्य



राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि तथा पशुपन्छी विकास मन्त्री

(ठ) वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि व्यवसाय तथा बजार प्रवर्द्धन शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, -सदस्य सचिव

(३) उपदफा (१) र (२) बमोजिमको समितिमा आवश्यकता अनुसार सदस्यहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार सञ्चालन हुनेछ।

६. <u>न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य सिफारिस समितिको काम, कर्तव्य र अधिकारः-</u>
(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रमुख खाद्यान्न बाली र औद्योगिक बालीको न्यूनतम समर्थन र न्यूनतम खरिद मूल्य निर्धारणका आधार सम्बन्धी नीतिगत मार्गदर्शन गर्ने।

(ख) प्राविधिक समितिले पेश गरेको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्वन्धि प्रतिवेदनको अध्ययन र छलफल गरी मन्त्रालयलाई सिफारिस गर्ने।

(ग) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य कार्यान्वयनका लागि समन्वय र अनुगमन गर्ने।

(घ) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्वन्धमा अनुसूची १ अनुसारको मूल्य निर्धारण कार्यतालिका बमोजिमको कार्ययोजना तयारीको लागि मार्गदर्शन गर्ने।

(ङ) प्रादेशिक कृषि मन्त्रालयहरुसँग समन्वय गरी न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा एकरुपता कायम गर्ने/गराउने।

(च) यस निर्देशिका बमोजिम कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने नीतिगत बाधा अड्चन फुकाउन मन्त्रालयलाई सिफारिस गर्ने।

७. <u>प्राविधिक समितिको गठनः-</u> (१) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणका लागि प्रदेश अनुसार जिल्ला छनौट गर्ने, फिल्ड सर्भेक्षण, तथ्याङ्क सङ्कलन र प्रशोधन सहितको प्राविधिक प्रतिवेदन तयार गरी कृषि विभाग मार्फत मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछः

(क) उप-महानिर्देशक, योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा, कृषि विभाग, -संयोजक

(ख) शाखा प्रमुख, कृषि व्यवसाय तथा बजार प्रवर्द्धन शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, -सदस्य

(ग) प्रतिनिधी (उपसचिव), बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, -सदस्य

(घ) प्रमुख, बाली विकास शाखा, कृषि विभाग, -सदस्य

(ङ) प्रतिनिधी (उपसचिव), वाली विकास तथा जैविक विविधता संरक्षण केन्द्र, -सदस्य



मा. गिता चौधरी
कृषि तथा पशुपन्छी विकास मन्त्री

राजेन्द्र प्रसाद मिश्र
सचिव

(च) प्रतिनिधी (उपसचिव) , कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रबर्द्धन केन्द्र, -सदस्य

(छ) प्रतिनिधी (उपसचिव), राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, -सदस्य

(ज) गुणस्तर नियन्त्रण अधिकृत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि., -सदस्य

(ज) वरिष्ठ कृषि अर्थ विज्ञ, बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा, कृषि विभाग, -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार सदस्यहरुलाई आमन्त्रण गर्न सकिने छ।

(३) उपदफा (१) बमोजिमको गठित समितिको बैठक आवश्यकता अनुसार सञ्चालन हुनेछ ।

८. <u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकार:-</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) प्रमुख खाद्यान्न बाली र औद्योगिक बालीको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणको लागि लाभ लागत अध्ययन तथा विश्लेषण गर्न घरधुरी सर्भेक्षणका लागि प्रश्नावली तयार गर्ने।

(ख) छिमेकी मुलुकले निर्धारण गरेको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य तथा किसानलाई उपलब्ध गराएको उत्पादन अनुदान योजना (स्कीम), प्रतिफलमा आधारित अनुदान सम्बन्धी अध्ययन गर्ने/गराउने।

(ग) अनुसूची (२) मा उल्लेख भए बमोजिमको संख्यामा फिल्ड/घरधुरी सर्भेक्षण र अन्य द्धित्तीय सन्दर्भ सामाग्रीहरुको अध्ययन विश्लेषण गरी बाली वस्तुको उत्पादन लाभ लागत अध्ययन प्रतिवेदन तयार गरी कृषि विभागमा पेश गर्ने।

(घ) औद्योगिक वालीको न्यूनतम खरिद मूल्य आगामी ३ बर्ष भित्र उखु बालीवाट हुने रिकभरीदरको आधारमा निर्धारण हुने प्रणालीको शुरुवात गर्ने/गराउने।

(ङ) उखु उत्पादक कृषकहरुलाई उच्च रिकभरीदर भएका उखुका जातहरुको खेती गर्नको लागि प्रोत्सहान गर्ने/गराउने ।

(च) प्रादेशिक कृषि मन्त्रालय/ निर्देशनालयहरुसँग समन्वय गरी न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा एकरुपता कायम गर्ने/गराउने।

(छ) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी आवश्यक अन्य कार्यहरु गर्ने/गराउने।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गि... चौधरी
कृषि तथा पशुपन्छी विकास मन्त्री

## परिच्छेद-४

## निकायगत भूमिका तथा दायित्व

९. **मन्त्रालयको भूमिका र दायित्वः-** (१) यस निर्देशिका बमोजिम मन्त्रालयको भूमिका र दायित्व देहाय बमोजिम हुनेछ:

(क) प्रमुख खाद्यान्न बालीहरुको न्यूनतम समर्थन मूल्य र औद्योगिक बालीको न्यूनतम खरिद मूल्य निर्धारण हुनको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने।

(ख) नेपाल सरकारवाट निर्धारण गरिएको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य सम्वन्धित सबैमा जानकारीका लागि सूचना प्रबाह गर्ने/गराउने।

(ग) प्रदेश स्थित कृषि हेर्ने मन्त्रालय र स्थानीय तहलाई न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य कार्यान्वयनका लागि समन्वय गर्ने।

(घ) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण तथा कार्यान्वयनको लागि समन्वय र आवश्यकता अनुसार नीतिको व्यवस्था गर्ने।

(ङ) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण तथा कार्यान्वयनबाट प्राप्त अपेक्षित प्रतिफलहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने।

(च) प्रमूख खाद्यान्न बाली उत्पादन गर्ने किसानलाई बजारको मागमा आधारित भई सोही अनुरुपको बालीका जातहरुको उत्पादन गर्न प्रोत्साहान गर्ने ।

१०. **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको भूमिका तथा दायित्वः-** (१) यस निर्देशिका बमोजिम संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ:

(क) नेपाल सरकारबाट निर्धारण गरिएको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य सम्बन्धित सबैमा जानकारीका लागि सूचना प्रवाह गर्ने/गराउने।

(ख) औद्योगिक बालीको न्यूनतम खरिद मूल्य निर्धारण पश्चात चिनी उद्योगहरुवाट खरिद, प्रशोधन र मूल्य कार्यान्वयको लागि समन्वय र सहजिकरण गर्ने ।

(ग) निर्धारण गरिएको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा तोकिएका बाली वस्तुको खरिद सम्बन्धमा आवश्यक श्रोतसाधनको व्यवस्था गर्ने।

(घ) निर्धारित न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा खरिद व्यवस्थापन गर्न सार्वजनिक तथा नीजि खरिदकर्तासँग समन्वयको लागि स्थानीय तहलाई सहयोग गर्ने।

(ङ) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य कार्यान्वयनको अनुगमन गर्ने/गराउने।

(च) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य कार्यान्वयनका क्रममा आइपर्ने समस्याहरुको निराकरणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने।



राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि तथा पशुपन्छी विकास मन्त्री

११. <u>कृषि विभागको भूमिका र दायित्वः-</u> (१) यस निर्देशिका बमोजिम कृषि विभागको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछः

(क) प्रमुख खाद्यान्न बालीहरु तथा औद्योगिक बालीको उत्पादन लाभ लागत अध्ययन विश्लेषण गरी प्राविधिक प्रतिवेदन तयार गर्ने/गराउने ।

(ख) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणको लागि प्राविधिक प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने ।

(ग) निर्धारित न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा खरिद व्यवस्थापन गर्न सार्वजनिक तथा नीजि खरिदकर्तासँग समन्वयको लागि स्थानीय तहलाई सहयोग गर्ने।

(घ) प्रदेशिक कृषि मन्त्रालय र स्थानीय तहलाई न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण तथा कार्यान्वयनका लागि समन्वय र सहयोग गर्ने।

(ङ) निर्धारित न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा खरिद कार्यको अनुगमन गर्ने/गराउने ।

(च) न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य कार्यान्वयनका क्रममा आइपर्ने समस्या र बाधा अड्चनको समाधानका लागि सुझाव सहित मन्त्रालयमा पेश गर्ने।

१२. <u>प्रादेशिक कृषि मन्त्रालयको भूमिका र दायित्वः-</u> (१) यस निर्देशिका बमोजिम प्रादेशिक कृषि मन्त्रालयको भूमिका र दायित्व देहाय बमोजिम हुनेछः

(क) प्रमुख खाद्यान्न बालीहरु तथा औद्योगिक बालीको उत्पादन लाभ लागत अध्ययन गर्ने/गराउने।

(ख) नेपाल सरकारबाट निर्धारण गरिएको बालीहरुको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य सम्बन्धित सबैमा जानकारीका लागि सूचना प्रवाह गर्ने/गराउने।

(ग) निर्धारित न्यूनतम समर्थन मूल्य र न्यनतम खरिद मूल्यमा खरिद कार्यको अनुगमन गर्ने/गराउने ।

(घ) न्यूनतम समर्थन मूल्य र न्यनतम खरिद मूल्य कार्यान्वयनका क्रममा आइपर्ने बाधा अड्चन फुकाउन आवश्यक समन्वय गर्ने।

१३. <u>स्थानीय तहको भूमिका र दायित्वः-</u> (१) यस निर्देशिका बमोजिम स्थानीय तहको भूमिका र दायित्व देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकारबाट निर्धारण गरिएको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य सम्बन्धित सबैमा जानकारीका लागि सूचना प्रवाह गर्ने/गराउने।

(ख) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा खरिद कार्यको कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने।

मा. गिता चौधरी
तथा पशुपन्छी विकास मन्त्री



राजेन्द्र प्रसाद मिश्र
सचिव

(ग) निर्धारित न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा खरिद कार्यको अनुगमन गर्ने/गराउने।

(घ) न्यूनतम समर्थन मूल्य र न्यनतम खरिद मूल्य कार्यान्वयनका क्रममा आइपर्ने बाधा अड्चन फुकाउन आवश्यक समन्वय गर्ने।

## परिच्छेद-५

## विविध

१४. प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्न सक्नेः- (१) प्रदेश सरकार र स्थानीय तहले आवश्यक कानूनी व्यवस्था गरी नेपाल सरकारले निर्धारण गरेको बालीवस्तुको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा खरिद कार्य गर्न सक्नेछन्।

(२) प्रदेश सरकार र स्थानीय तहले आवश्यक कानूनी व्यवस्था गरी नेपाल सरकारले निर्धारण गरेको बालीवस्तुको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य बाहेक अन्य बालीवस्तुमा न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण गरी कार्यान्वयन गर्न सक्नेछन्।

१५. गुनासो व्यवस्थापनः- (१) यस निर्देशिका कार्यान्वयनका क्रममा कुनै किसिमको गुनासो भएमा मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि विभाग, प्रादेशिक कृषि मन्त्रालय र स्थानीय तहमा मौखिक वा लिखित जानकारी दिन सकिनेछ। प्राप्त भएका गुनासोको सम्वोधन सम्वन्धित निकायको गुनासो व्यवस्थापन संयन्त्र बमोजिम हुने साथै आवश्यकता अनुसार गृह मन्त्रालय, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट गरिनेछ।

१६. खरिदकर्ताको कर्तव्य हुनेः- यस निर्देशिका बमोजिम नेपाल सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा कृषि उपज खरिद गर्नु खरिदकर्ताको कर्तव्य हुनेछ।

१७. प्रचलित कानून बमोजिम हुनेः- यस निर्देशिकामा ब्यवस्था भएका बिषयका सम्बन्धमा सोहि बमोजिम र उल्लेख नभएका विषयका सम्वन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. बाधा अड्काउ फुकाउनेः- (१) यस निर्देशका अनुसार न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण कार्यमा बाधा अड्चन आइपरेमा मन्त्रालयको निर्णय अनुसार हुनेछ।

(२) निर्देशिकाको संशोधन एवं खारेजी नेपाल सरकारले गर्न सक्नेछ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची १

(न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण निर्देशिका, २०८२, को दफा ६ को उपदफा (१) (घ) सँग सम्वन्धित)

**न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण समय तालिका**

| क्र.स. | बालीहरु | प्राविधिक समितिवाट सिफारिस/पेश | | | सिफारिस समितिवाट सिफारिस/पेश | मन्त्रालयवाट मन्त्रिपरिषद्मा सिफारिस/पेश |
|---|---|---|---|---|---|---|
| | | फिल्ड सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन | तथ्यांक विश्लेषण र प्रतिवेदन | प्राविधिक समितिबाट सिफारिस | | |
| १ | उखु | भदौ ३० गते | असोज १५ गते | कार्तिक १० गते | कार्तिक ३० गते | मंसिर १ गते |
| २ | गहुँ | श्रावण ३० गते | भदौ १५ गते | असोज ९ गते | असोज ३० गते | कार्तिक १ गते |
| ३ | चैते धान | मंसिर ३० गते | पौष १५ गते | पौष २९ गते | माघ ८ गते | माघ ९ गते |
| ४ | बर्षे धान | फाल्गुण ३० गते | चैत्र १५ गते | बैशाख ८ गते | बैशाख ३० गते | जेष्ठ १ गते |
| ५ | बर्षे मकै | माघ २९ गते | फाल्गुन ७ गते | फाल्गुन १५ गते | फाल्गुन २१ गते | फाल्गुन २२ गते |
| ६ | कोदो | चैत्र १० गते | चैत्र १५ गते | चैत्र २५ गते | बैशाख ७ गते | बैशाख ८ गते |

(नोटः सिफारिस गर्ने निर्धारित मितिमा सार्वजनिक विदा परेमा कार्यालय खुल्ने पछिल्लो दिनलाई आधार मानिनेछ ।)

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची २

(न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण निर्देशिका, २०८२, को दफा ७ को उपदफा (२) (ग) सँग सम्वन्धित)

**न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणको लागि लाभ लागत अध्ययन सम्बन्धि तथ्यांक संकलन गरिने घरधुरी संख्या सम्वन्धि विवरण**

| क्र.स. | बालीहरु | प्रदेश अनुसार नमूना संख्या | | | | | | | जम्मा नमूना संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | वागमती | गण्डकी | लुम्विनी | कर्णाली | सुदुरपश्चिम | | |
| १ | उखु | २० | ५० | ० | ० | १० | ० | २० | १०० | |
| २ | गहुँ | १० | १० | १० | १० | १० | १० | १० | ७० | |
| ३ | चैते धान | २० | १० | २० | १० | १० | १० | २० | १०० | |
| ४ | बर्षे धान | २० | ३० | २० | १० | २० | १० | २० | १३० | |
| ५ | बर्षे मकै | १५ | १५ | १५ | १५ | १५ | १० | १५ | १०० | |
| ६ | कोदो | १० | ० | १५ | १५ | ० | १५ | १० | ६५ | |

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची ३

(न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण निर्देशिका, २०८२, को दफा ४ सँग सम्वन्धित)

**न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण प्रकृयाको फ्लो चार्ट**

दफा ७ अनुसारको प्राविधिक समितिवाट प्रश्नावली निर्माण गरी लागत अनुमान सर्भेको लागि अनुसूचि २ वमोजिमको संख्यामा कृषक घरधुरी छनौट

छनौट भएका घरधुरीहरुमा प्रश्नावली सर्भे गरी तथ्यांक संकलन एवं प्रशोधन

दफा ७ अनुसारको प्राविधिक समितिवाट लागत अनुमान, मूनाफा र यातायात व्यवस्था विभागवाट निर्धारण गरेको ढुवानी खर्चको विश्लेषण गरी न्यूनतम खरिद मूल्य र न्यूनतम समर्थन मूल्य सिफारिस सम्बन्धि प्राविधिक प्रतिवेदन कृषि विभागमा पेश गर्ने

प्राविधिक समितिले पेश गरेको प्रतिवेदन उपर अध्ययन गरी कृषि विभागबाट सिफारिस सहित कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश

दफा ५ अनुसारको सिफारिस समितिले कृषि विभागबाट सिफारिससाथ प्राप्त न्यूनतम खरिद मूल्य र न्यूनतम समर्थन मूल्य सम्बन्धि प्रतिवेदन उपर छलफल गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश हुन मन्त्रालयमा पेश गर्ने

दफा ५ बमोजिमको सिफारिस समितिले सिफारिस गरेको न्यूनतम खरिद मूल्य र न्यूनतम समर्थन मूल्य निर्धारण हुनको लागि मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने

मन्त्रिपरिषद्को निर्णय अनुसार न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण हुने ।

राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि तथा पशुपन्छी विकास मन्त्री